# अर्थ बुलेटिन

वर्ष ७ अंक १ साउन, २०८२

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनाका आर्थिक परिसूचक मिश्रित रहेका छन्। कर राजस्व परिचालन सामान्य बढेपनि गैरकर राजस्व उल्लेख्यरुपमा घटेकोले राजस्व सङ्कलन समेत घटेको छ। आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा संघीय सरकारको राजस्व सङ्कलन १०.५ प्रतिशतले घटेको छ भने सङ्घीय खर्च १५.२ प्रतिशतले बढेको छ।
- मुलुकको तिर्न बाँकी सार्वजनिक ऋण रु.२६ खर्ब ८३ अर्ब ६० करोड पुगेको छ।
- कुल वस्तु निर्यात र आयात दुवैमा वृद्धि भएको छ। वस्तु निर्यात उल्लेख्य बढेकोले व्यापार घाटाको वृद्धिदर न्यून रहेको छ। कुल व्यापारमा निर्यातको अंश बढेको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति घटेको छ। खाद्य तथा पेय पदार्थ उपसमूहको मूल्य स्थिति ऋणात्मक रहेकोले पनि समग्र उपभोक्ता मुद्रास्फीति घटेको हो।
- चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। फलस्वरुप विदेशी मुद्रा सञ्चिति समेत बढेको छ। कुल वस्तु आयात बढेपनि विदेशी मुद्रा सञ्चिति समेत बढेकाले सञ्चिति पर्याप्तता बढ्दै गएको छ।
- वित्तीय क्षेत्रका अधिकांश सूचक सकारात्मक छन्। कुल निष्कृय कर्जा अनुपात केही बढेको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जा बढेको छ। ब्याजदर घट्दै गएको छ।


**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं


## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.२ प्रतिशतले वृद्धि भई रु. ४६ अर्ब ३० करोड ६१ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधीमा यस्तो खर्च रु.४० अर्ब २० करोड ७६ लाख रहेको थियो।

२. कुल खर्च मध्ये चालु खर्च ३९.९ प्रतिशत, पुँजीगत खर्च १.६ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ५८.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च क्रमशः ३०.८ प्रतिशत, २१.३ प्रतिशत र ४७.९ प्रतिशत रहेको थियो।

३. यस अवधिको पूँजीगत खर्चमा कमी आएको छ भने चालु खर्च र वित्तीय व्यवस्थातर्फको खर्चमा वृद्धि भएको छ। गत आर्थिक वर्षको साउन महिनामा अघिल्लो आर्थिक वर्ष भुक्तानी नभएको रकम निकासा हुँदा पूँजीगत तर्फको खर्चको हिस्सा उच्च भएको थियो।

**तालिका (क): पछिल्लो ५ वर्षको साउन महिनाको खर्चको स्थिति (रु. करोडमा)**

| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| चालु खर्च | ९५५.७५ | ५६५.७२ | १२१३.५८ | १२३८.२२ | १८४७.९८ |
| पूँजीगत खर्च | ९३.५० | १४८.४६ | ८२.३१ | ८५५.४८ | ७२.६३ |
| वित्तीय व्यवस्था | ०.०० | १५११.६९ | २२०७.८१ | १९२७.०६ | २७१० |
| **संघीय खर्च जम्मा** | **१०४९.२५** | **२२२५.८७** | **३५०३.७०** | **४०२०.७६** | **४६३०.६१** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

### राजस्व परिचालन

४. चालु आर्थिक वर्षको साउन महिनामा राजस्व सङ्कलन घटेको छ। आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा संघीय सरकारको कुल राजस्व प्राप्ति गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. ९४ अर्ब ७४ करोड ३० लाखको तुलनामा १०.५ प्रतिशतले कमी आई रु. ८४ अर्ब ७८ करोड ८८ लाख रहेको छ। गैरकर राजस्व सङ्कलनमा उच्च दरले कमी आई गत आर्थिक वर्षको सोही अवधीको तुलनामा ७८.० प्रतिशतले कमी आएको छ। यस अवधिमा कर राजस्वमा ४.६ प्रतिशतले वृद्धि भएको छ।

५. कुल राजस्वमा कर राजस्वको अंश ९५.५ प्रतिशत र गैरकर राजस्वको अंश ४.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको साउन महिनामा सङ्कलित राजस्वमा यस्तो हिस्सा क्रमशः ८१.७ प्रतिशत र १८.३ प्रतिशत रहेको थियो। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ८५ अर्ब ९ करोड ७७ लाख रहेको छ।

**तालिका (ख): पछिल्लो ५ आर्थिक वर्षको पहिलो महिनाको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**


| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| कर | ७६१८.८० | ७०६३.८६ | ७०१७.५२ | ७७४१.२७ | **८०९८.५९** |
| गैरकर | १७०७.३२ | ९०८.३९ | ८६९.८९ | १७३३.०३ | **३८०.२९** |
| **जम्मा राजस्व** | **९३२६.१२** | **७९७२.२५** | **७८८७.४१** | **९४७४.३०** | **८४७८.८८** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५

६. आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा ५८.६ प्रतिशतले वृद्धि भएको राजस्व आर्थिक वर्ष २०७९/८० मा १४.५ प्रतिशतले घटेको थियो। तत्पश्चातका वर्षमा क्रमशः सुधार हुँदै आर्थिक वर्ष २०८१/८२ को साउन महिनामा राजस्व वृद्धिदर २०.१ प्रतिशत रहेको थियो। तथापि, चालु आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा भने गत आर्थिक वर्षको सोही अवधिको तुलनामा राजस्व १०.५ प्रतिशतले घटेको छ।

**चार्ट (क): पछिल्लो ५ आर्थिक वर्षको पहिलो महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**





स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।


७. चालु आर्थिक वर्षको साउन महिनामा सङ्कलित कुल राजस्वमा गैरकरको राजस्व बाहेक अन्य शीर्षकमा सङ्कलित राजस्वको हिस्सा बढेको छ। गत आर्थिक वर्षमा गैरकर राजस्व सङ्कलनमा उच्च दरले वृद्धि हुँदा कुल राजस्वमा अन्य शीर्षकका राजस्वको हिस्सा कम भएको थियो।

८. चालु आर्थिक वर्षको पहिलो महिनाको कुल राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा सबैभन्दा बढी ३२.६ प्रतिशत रहेको छ भने शिक्षासेवा शुल्कको हिस्सा सबैभन्दा कम ०.५ प्रतिशत रहेको छ।

**चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको साउन महिनामा सङ्कलित राजस्वको संरचना**




आर्थिक वर्ष २०८१/८२




आर्थिक वर्ष २०८२/८३

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

९. चालु आर्थिक वर्षको पहिलो महिनामा गैरकर राजस्व सङ्कलन उच्च दरले घटेको छ। ब्याजदरमा कमी आएसँगै ब्याजकर सङ्कलन घटेको छ। जसको कारण आयकर सङ्कलनमा १.८ प्रतिशतले कमी आएको छ। अन्य शीर्षकका राजस्व सङ्कलनमा वृद्धि भएको छ।

**तालिका (ग): पछिल्लो दुई आर्थिक वर्षको साउनमहिनाको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०८२/८३ को वार्षिक लक्ष्य | २०८१/८२ साउन महिनाको सङ्कलन | २०८२/८३ साउन महिनाको संकलन | २०८२ साउन महिनाको लक्ष्य | चालु आर्थिक वर्षको साउन सम्मको संकलन | लक्ष्यको तुलनामा असूली % | वार्षिक लक्ष्यको तुलनामा असुली % | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | ३०५५७.०५ | १५८९.५१ | १६६५.१६ | २२१६.४८ | १६६५.१६ | **७५.१** | **५.४** | **४.८** |
| **मूल्य अभिवृद्धि कर** | ३९४५९.५२ | २६३४.०९ | २७६१.०७ | ३४७१.५४ | २७६१.०७ | **७९.५** | **७.०** | **४.८** |
| उत्पादन, बिक्री, सेवा | १७२७९.८९ | १२९६.९१ | १३६९.२५ | १५२६.९८ | १३६९.२५ | ८९.७ | ७.९ | ५.६ |
| पैठारी | २२१७९.६३ | १३३७.१८ | १३९१.८२ | १९४४.५६ | १३९१.८२ | ७१.६ | ६.३ | ४.१ |
| **अन्तःशुल्क** | २१३१५.७७ | १२१०.१९ | १३८९.१० | १४३७.५४ | १३८९.१० | **९६.६** | **६.५** | **१४.८** |
| आन्तरिक उत्पादन | १५२२७.१२ | ८७५.३८ | ९९२.२५ | १०२७.१२ | ९९२.२५ | ९६.६ | ६.५ | १३.४ |
| पैठारी | ६०८८.६५ | ३३४.८१ | ३९६.८४ | ४१०.४२ | ३९६.८४ | ९६.७ | ६.५ | १८.५ |
| **शिक्षा सेवा शुल्क** | ५२३.१३ | २४.५६ | ४१.६८ | ३२.७२ | ४१.६८ | **१२७.४** | **८.०** | **६९.७** |
| **आयकर** | ४०७०२.९२ | २२८२.९३ | २२४१.५७ | ३२७६.६५ | २२४१.५७ | **६८.४** | **५.५** | **(१.८)** |
| आयकर | ३५५४४.८८ | १६११.५४ | १६७१.०१ | २१३१.२९ | १६७१.०१ | ७८.४ | ४.७ | ३.७ |
| ब्याज कर | ५१५८.०५ | ६७१.३९ | ५७०.५६ | ११४५.३६ | ५७०.५६ | ४९.८ | ११.१ | (१५.०) |
| **कुल कर राजस्व** | **१३२५५८.३९** | **७७४१.२७** | **८०९८.५९** | **१०४३४.९३** | **८०९८.५९** | **७७.६** | **६.१** | **४.६** |
| **गैर कर राजस्व** | १५४४१.६१ | १७३३.०२ | ३८०.२९ | २००३.०८ | ३८०.२९ | **१९.०** | **२.५** | **(७८.१)** |
| **कूल राजस्व** | १४८०००.०० | ९४७४.३० | ८४७८.८८ | १२४३८.०१ | ८४७८.८८ | **६८.२** | **५.७** | **(१०.५)** |
| **अन्य प्राप्ति** | ०.०० | २२१.४१ | ३०.९० | ०.०० | ३०.९० | **-** | **-** | **(८६.०)** |
| **जम्मा राजस्व/प्राप्ति** | १४८०००.०० | ९६९५.७१ | ८५०९.७७ | १२४३८.०१ | ८५०९.७७ | **६८.४** | **५.७** | **(१२.२)** |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

१०. चालु आर्थिक वर्षको साउन महिनामा शिक्षा सेवा शुल्क सङ्कलन लक्ष्यभन्दा बढी भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ६८.२ प्रतिशत सङ्कलन भएको छ भने वार्षिक लक्ष्यको ५.७ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

११. चालु आर्थिक वर्षको पहिलो महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ८४ अर्ब २१ करोडको तुलनामा १२.७ प्रतिशतले कमी आई रू.७३ अर्ब ५३ करोड रहेको छ। यस अवधिमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व भने ६.९ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा संघीय राजस्व र प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने कर राजस्वमा क्रमशः २१.७ प्रतिशत र ८.८ प्रतिशतले वृद्धि भएको थियो।

## करको दायरा विस्तार

१२. २०८२ साउनसम्म स्थायी लेखा नम्बर लिने सक्रिय करदाताको कुल संख्या ७० लाख ६ हजार ८ सय ३ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ४९ लाख नाघेको छ। त्यस्तै, व्यावसायिक स्थायी लेखा नम्बर लिने सक्रिय करदाताको संख्या २० लाख १५ हजार ६३ र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ३५ हजार ८ सय ५२ पुगेको छ। कुल स्थायी लेखा नम्बरमा व्यावसायिक लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमशः २८.९ प्रतिशत, ०.५ प्रतिशत र ७०.६ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ४५ हजार २ सय ७४ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १९ हजार १ सय ६९ पुगेको छ।

**तालिका (घ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका सक्रिय करदाताको विवरण**

| दर्ताको प्रकार | आ.व.२०८१/८२ असार मसान्तसम्म | आ.व.२०८०/८१ को साउनमा थप | जम्मा करदाता संख्या |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | २०१५०६३ | ११४५१ | २०२६५१४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ३५८५२ | १८४ | ३६०३६ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ४८८७०५३ | ५७२०० | ४९४४२५३ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६९३७९६८** | **६८८३५** | **७००६८०३** |
| मूल्य अभिवृद्धि कर | ३४५२७४ | २८५१ | ३४८१२५ |
| अन्तःशुल्क | ११९१६९ | १४४५ | १२०६१४ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

## वैदेशिक सहायता

१३. चालु आर्थिक वर्षको साउन महिनामा वैदेशिक सहायता प्रतिवद्धता रु. ८ अर्ब ६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधीमा यस्तो प्रतिवद्धता रु. १६ अर्ब ५ करोड रहेको थियो। कुल सहायता प्रतिवद्धतामध्ये शतप्रतिशत अनुदान रहेको छ।

१४. चालु आर्थिक वर्षमा प्राप्त वैदेशिक सहायता प्रतिवद्धता मध्ये उर्जा क्षेत्रमा सवैभन्दा बढी ८४.४ प्रतिशत, कृषि क्षेत्रमा १३.६ प्रतिशत, शिक्षा क्षेत्रमा १.६ प्रतिशत र स्वास्थ्य क्षेत्रमा ०.४ प्रतिशत प्राप्त भएको छ।

## सार्वजनिक ऋण

१५. २०८२ साउन मसान्तसम्म संघीय सरकारको तिर्न बाँकी सार्वजनिक ऋण गत आर्थिक वर्षको साउन मसान्तको तुलनामा ८.५ प्रतिशतले वृद्धि भई रू.२६ खर्ब ८३ अर्ब ६० करोड पुगेको छ। कुल ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४७.७ प्रतिशत र ५२.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ४८.७ प्रतिशत र ५१.३ प्रतिशत रहेको थियो।

१६. चालु आर्थिक वर्षको साउन महिनामा संघीय सरकारले आन्तरिक ऋणतर्फ रु.२७ अर्ब १० करोड र बाह्य ऋणतर्फ रु.३ अर्ब ४५ करोड गरी कुल रु.३० अर्ब ५५ करोड सावाँ भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋण तर्फ रु. ५ अर्ब १३ करोड ७३ लाख र बाह्य ऋणतर्फ रु. ९९ करोड ५८ लाख गरी कुल रु. ६ अर्ब १३ करोड ३१ लाख ब्याज भुक्तानी गरेको छ।

१७. २०८२ को साउन महिनामा संघीय सरकारले आन्तरीक ऋण रु.४० अर्ब र बाह्य ऋण रु. ४ अर्ब ५७ करोड ४८ लाख (विनिमयदर घटबढबाट सिर्जित समेत) करोड गरी कुल रु.४४ अर्ब ५७ करोड ४८ लाख ऋण प्राप्त गरेको छ।

## वित्तीय क्षेत्र

१८. २०८२ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ०.८ प्रतिशतले घटेको छ। २०८२ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेपमा रु.५५ अर्ब ७९ करोड कमी आई कुल निक्षेप रु. ७२ खर्ब ८ अर्ब ९ करोड रहेको छ। गत आर्थिक वर्षको साउन मसान्तमा यस्तो निक्षेप ०.७ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १२.५ प्रतिशतले वृद्धि भएको छ।

१९. २०८२ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २०८२ साउन मसान्तमा ०.१ प्रतिशतले घटेर रू. ५४ खर्ब ९५ अर्ब कायम भएको छ। गत आर्थिक वर्ष यस्तो कर्जामा ०.३ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ साउन मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ८.० प्रतिशतले बढेको छ।

२०. २०८२ साउन मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। बैङ्क तथा बित्तीय संस्थाको शाखा सङ्ख्या २०८१ साउन मसान्तमा ११ हजार ५ सय ४१ रहेकोमा २०८२ साउन मसान्तमा ११ हजार ५ सय २८ कायम भएको छ।


२१. वाणिज्य बैंकको निक्षेप तथा कर्जाको ब्याजदर घटेको छ। २०८१ साउनमा ५.६६ प्रतिशत रहेको निक्षेपको भारित औसत ब्याजदर २०८२ साउनमा ४.०२ प्रतिशतमा झरेको छ भने यस अवधिमा कर्जाको ब्याजदर ९.६८ प्रतिशतबाट ७.७६ प्रतिशतमा झरेको छ। २०८० साउनमा उक्त ब्याजदरहरु क्रमशः ८.० प्रतिशत र ९.६८ प्रतिशत रहेको थियो।

२२. बैंकहरुको निष्कृय कर्जा वृद्धि भएको छ। २०८१ साउनमा कुल कर्जाको ३.८६ प्रतिशत रहेको निष्कृय कर्जा २०८२ साउनमा ४.६२ प्रतिशत पुगेको छ। २०८० साउनमा यस्तो कर्जा ३.०२ प्रतिशत रहेको थियो।

## समग्र मूल्य स्थिति

२३. २०८२ साउन महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति १.६८ प्रतिशत रहेको छ। २०८१ साउनमा यस्तो मुद्रास्फीति ४.०९ प्रतिशत रहेको थियो। पछिल्लो ५ वर्षको साउन महिनाको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति हेर्दा २०८२ साउन महिनामा उपभोक्ता मुद्रास्फीति सबैभन्दा कम रहेको छ।

चार्ट (ग): पछिल्लो ५ वर्षको साउन महिनाको उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

२४. २०८२ साउनमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.२८ प्रतिशतले घटेको छ। गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९५ प्रतिशत रहेको छ। २०८१ साउनमा उक्त समूहको मुद्रास्फीति क्रमशः ६.१६ प्रतिशत र २.९४ प्रतिशत रहेको थियो। गत आर्थिक वर्षको साउनको तुलनामा तरकारी, माछा-मासु, मरमसला लगायतको वस्तुको मूल्यमा उल्लेख्य कमी आएको कारण २०८२ साउनमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति -२.२८ प्रतिशत रहेको हो।

## मुद्राप्रदाय

२५. वार्षिक बिन्दुगत आधारमा २०८२ साउन मसान्तमा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशतले बढेको छ। २०८१ साउन मसान्तमा यस्तो मुद्राप्रदाय १४.८ प्रतिशतले बढेको थियो। २०८२ असार महिनाको तुलनामा २०८२ साउन महिनामा भने विस्तृत मुद्राप्रदाय ०.७ प्रतिशतले घटेको छ।

## बाह्य क्षेत्र

### वस्तु व्यापार

२६. वस्तु निर्यातमा भएको उल्लेख्य वृद्धिको कारण चालु आर्थिक वर्षको पहिलो महिनामा निर्यात-आयात अनुपात बढेर १६.७ प्रतिशत पुगेको छ। वस्तु आयात ११.४ प्रतिशतले बढेको छ। कुल व्यापारमा निर्यातको अंशमा उल्लेख्य सुधार भई १४.३ प्रतिशत पुगेको छ।

तालिका (ङ): पछिल्लो पाँच आर्थिक वर्षको साउन महिनाको वस्तु व्यापारको विवरण

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| आयात (रु.करोडमा) | १५०७३ | १३१२९ | १२९२४ | १२८३८ | १४३०४ |
| निर्यात (रु.करोडमा) | २०७७ | १४८१ | १३५३ | १२२३ | २३९३ |
| कुल व्यापार (रु.करोडमा) | १७१५० | १४६१० | १४२७७ | १४०६० | १६६९७ |
| व्यापार घाटा (रु.करोडमा) | १२९९६ | ११६४८ | ११५७१ | ११६१५ | ११९११ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | १३.८ | ११.३ | १०.५ | ९.५ | १६.७ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ८७.९ | ८९.९ | ९०.५ | ९१.३ | ८५.७ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | १२.१ | १०.१ | ९.५ | ८.७ | १४.३ |

स्रोतः भन्सार विभाग, २०८२।

## वस्तु निर्यात

२७. आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९५.७ प्रतिशतले उल्लेख्य वृद्धि भई रु.२३ अर्ब ९३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ९.६ प्रतिशतले सङ्कुचन भई रु.१२ अर्ब २२ करोड रहेको थियो। २०८२ साउनमा भटमासको तेल, पाम तेल, पोलिष्टरको धागो, अँलैची लगायतका वस्तुको निर्यात बढेको छ भने जिङ्क सिट, पार्टिकल वोर्ड, ऊनी गलैंचा, पिना लगायतका वस्तुको निर्यात घटेको छ।

२८. भारततर्फ भएको निर्यातको अंश ८० प्रतिशत नाघेको छ। पछिलो समय निर्यातमा उच्च अंश भएको पाम तेलको निर्यात मूख्यतः भारत केन्द्रीत भएकोले पनि कुल निर्यातमा भारततर्फ भएको निर्यातको अंश उल्लेख्यरुपमा बढ्न गएको हो। आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा भएको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ८१.३ प्रतिशत, ०.२ प्रतिशत र १८.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको पहिलो महिनामा यस्तो अंश क्रमशः ६२.० प्रतिशत, १.३ प्रतिशत र ३६.७ प्रतिशत रहेको थियो। यस अवधिमा भारततर्फ भएको वस्तु निर्यात १५६.७ प्रतिशतले बढेको छ भने चीन र अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ६५.२ प्रतिशत र १.४ प्रतिशतले घटेको छ।

**तालिका (च) : पछिल्लो दुई आर्थिक वर्षको साउन महिनामा निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| विवरण | आर्थिक वर्ष | | वृद्धिदर |
|---|---|---|---|
| | २०८१-८२ | २०८२-८३ | २०८२-८३ |
| प्रशोधित भटमासको तेल | २.८ | १०६९.५८ | ३८५१३ |
| सेन्थेटिक यार्न | ९१.४ | १०८.९६ | १९.२ |
| उनी गलैंचा कार्पेट | १११.८ | ८२.०५ | -२६.६ |
| तयारी कपडा | ८१.१ | ७५.५४ | -६.८ |
| प्रशोधित पाम तेल | ९.२ | ७१.४६ | ६७५.१ |
| सुर्यमुखिको प्रशोधित तेल | ० | ६५.१५ | - |
| जमोठ कपडा | ६५.२ | ५२.३८ | -१९.७ |
| फलफुलको जुस | ४८.१ | ४३.२२ | -१०.१ |
| चिया | ५७.९ | ४०.२७ | -३०.४ |
| जुटका बुनिएका कपडा | ३४.५ | ३८.७९ | १२.५ |
| अन्य वस्तु | ७२१.१ | ७४५.६ | ३.४ |
| **जम्मा** | **१२२३** | **२३९३** | **९५.७** |

स्रोतः भन्सार विभाग, २०८२ ।

## वस्तु आयात

२९. आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.४ प्रतिशतले बढेर रु. १ खर्ब ४३ अर्ब ४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात ०.६ प्रतिशतले कमी आई रु.१ खर्ब २८ अर्ब ३८ करोड रहेको थियो।

३०. चालु आर्थिक वर्षको साउन महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भटमासको कच्चा तेल, यातायायतका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, धान/चामल लगायतका वस्तुको आयात बढेको छ भने हट रोल्ड शिट इन क्वाइल, खाने तेल, पेट्रोलियम पदार्थ, अन्य मेशिनरी तथा पार्टस् लगायतका वस्तुको आयात घटेको छ।

३१. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशबाट भएको आयातको अंश क्रमशः ५८.४ प्रतिशत, १९.६ प्रतिशत र २२.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६०.५ प्रतिशत, १९.१ प्रतिशत र २०.४ प्रतिशत रहेको थियो।

३२. चालु आर्थिक वर्षको पहिलो महिनामा भारत, चीन र अन्य देशबाट भएको वस्तु आयात क्रमशः ७.५ प्रतिशत, १४.१ प्रतिशत र २०.५ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारतबाट भएको आयात ४.४ प्रतिशत घटेको थियो भने चीन र अन्य देशबाट भएको आयात क्रमशः १२.० प्रतिशत र ०.४ प्रतिशतले बढेको थियो।

**तालिका (छ) :  पछिल्लो दुई आर्थिक वर्षको साउन महिनामा आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति  (मूल्य रु. करोडमा)**


| विवरण | आर्थिक वर्ष | | वृद्धिदर |
|---|---|---|---|
| | २०८१-८२ | २०८२-८३ | २०८२-८३ |
| कच्चा भटमासको तेल | १३०.७९ | १०८०.९६ | ७२६.५ |
| डिजेल | ६९८.७२ | ५८८.७८ | -१५.७ |
| पेट्रोल | ५६९.३५ | ५७७.१४ | १.४ |
| एल पि ग्यास | ४८२.६७ | ४६६.६५ | -३.३ |
| डीए पी मल | १७९.४७ | ४६५.६५ | १५९.५ |
| शुद्ध फलाम | ३७२.७३ | ३९१.१३ | ४.९ |
| एच.आर.सिट | ३३५.७८ | ३६५.५२ | ८.९ |
| मोवाइल टेलिफोन | ३५९.३३ | ३४९.३४ | -२.८ |
| मोटर साइकल(अनएसेम्वल्ड) | १९२.३७ | २९८.७४ | ५५.३ |
| तयारी कपडा | ३४८.३२ | २८३.४ | -१८.६ |
| अन्य वस्तुहरु | ९१६८.१८ | ९४३६.७६ | २.९ |
| **जम्मा** | **१२८३७.७** | **१४३०४.१** | **११.४** |

स्रोतः भन्सार विभाग, २०८२

## वस्तु व्यापार सन्तुलन

३३. आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब १९ अर्ब ११ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ०.४ प्रतिशतले बढेर रु.१ खर्ब १६ अर्ब १५ करोड रहेको थियो। यस अवधिमा भारततर्फ भएको उच्च निकासीको कारण भारतसँगको व्यापार घाटा ८.६ प्रतिशतले सुधार भएको छ भने चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः १४.६ प्रतिशत र २५.० प्रतिशतले बढेको छ।


**चार्ट (ङ):पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको वस्तु व्यापार घाटाको स्थिति**




स्रोतः भन्सार विभाग, २०८२

३४. नेपालको कुल व्यापारमा आयातको हिस्सा विगतका वर्षहरु देखि नै उच्च रहदै आएको छ। पछिल्लो समयमा कुल वस्तु व्यापारमा निर्यातको अंश उल्लेख्य बढेकोले वस्तु आयात भन्दा व्यापार घाटाको वृद्धिदर न्यून रहेको छ। पछिल्लो ५ आर्थिक वर्षमध्ये आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा कुल व्यापारमा निर्यातको हिस्सा १२.१ प्रतिशत रहेकोमा त्यसपछिका वर्षहरुमा यस्तो हिस्सा क्रमशः कम हुँदै गएकोमा  चालु आर्थिक वर्षको पहिलो महिनामा कुल व्यापारमा निर्यातको हिस्सा बढेर १४.३ प्रतिशत पुगेको छ।

चार्ट (घ): पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको कुल व्यापार संरचना (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८२

## सेवा व्यापार

३५. आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु.१४ अर्ब ६६ करोडको तुलनामा २४.४ प्रतिशतले बढेर रु.१८ अर्ब २३ करोड पुगेको छ। यस अवधिमा गत आर्थिक वर्षको सोही अवधिको सेवा खर्च रु.२९ अर्ब ९२ करोडको तुलनामा ६.४ प्रतिशतले वृद्धि भई रू.३१ अर्ब ६३ करोड पुगेको छ।

३६. आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा खुद सेवा आय रू.१३ अर्ब ३९ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू.१५ अर्ब ६ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३७. चालु आर्थिक वर्षको पहिलो महिनामा विप्रेषण आप्रवाह २९.९ प्रतिशतले बढेर रू.१ खर्ब ७७ अर्ब ४१ करोड (१२७४ मिलियन अमेरिकी डलर) पुगेको छ। गत आर्थिक वर्षमा यस्तो आप्रवाह १७.७ प्रतिशतले बढेको थियो।

३८. चालु आर्थिक वर्षको साउन महिनामा वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या २०.४ प्रतिशतले बढेर ४४,४६६ पुगेको छ। गत आर्थिक वर्षको साउनमा यस्तो सङ्ख्या ५.७ प्रतिशतले सङ्कुचन भई ३६,९२८ रहेको थियो।

३९. चालु आर्थिक वर्षको पहिलो महिनामा वैदेशिक रोजगारीमा जान पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.४ प्रतिशतले वृद्धि भई २३ हजार ६ सय ४४ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ३७.९ प्रतिशतले बढेर २२ हजार ६ सय ४७ रहेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४०. आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। आर्थिक वर्ष २०८१/८२ को साउन महिनामा रू.३३ अर्ब ८ करोडले बचतमा रहेकोमा चालु खाता चालु आर्थिक वर्षको साउन महिनामा रू.७८ अर्ब १४ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०८१/८२ को साउनमा २४ करोड ६८ लाख अमेरिकी डलरले बचतमा रहेको चालु खाता आर्थिक वर्ष २०८२/८३ को साउनमा ५६ करोड १० लाख अमेरिकी डलरले बचतमा रहेको छ।

४१. आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा शोधनान्तर स्थिति रु.८९ अर्ब ३० करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.४० अर्ब ९० करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा २०८१ साउनमा ३० करोड ५१ लाखले बचतमा रहेको शोधनान्तर स्थिति २०८२ साउनमा ६४ करोड १२ लाखले बचतमा रहेको छ।

## विदेशी विनिमय सञ्चिति

४२. २०८२ साउन मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति २०८२ असारमसान्तको तुलनामा ४.८ प्रतिशतले बढेर रू.२८ खर्ब ६ अर्ब ४ करोड पुगेको छ। अमेरिकी डलरमा २०८२ साउन मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति २०८२ असारमसान्तको तुलनामा २.७ प्रतिशतले बढेर २० अर्ब ३ करोड कायम भएको छ।

४३. आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २०.४ महिनाको वस्तु आयात तथा १६.६ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर

४४. २०८२ असार मसान्तको तुलनामा २०८२ साउन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.० प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३९.७९ पुगेको छ। २०८२ असार मसान्तमा उक्त विनिमय दर रु.१३७.०० रहेको थियो।

## पर्यटक आगमन

४५. सन् २०२५ को अगस्टसम्म नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२४ को सोही अवधिको तुलनामा २.३ प्रतिशतले वढेर ७ लाख ३६ हजार ५ सय ६२ पुगेको छ। सन् २०२४ को सोही अवधिमा यस्तो सङ्ख्या १९.८ प्रतिशतले वृद्धि भई ७ लाख २० हजार ३ सय ३४ पुगेको थियो। यसैगरी, सन् २०२५ को अगस्ट महिनामा मात्र नेपाल आउने पर्यटकको सङ्ख्या ८८ हजार ६ सय ८० पुगेको छ। २०२४ को अगस्टमा यस्तो सङ्ख्या सङ्ख्या ७२ हजार ७ सय १९ रहेको थियो।

४६. आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा भ्रमण आय १२.७ प्रतिशतले बढेर रु.५ अब ३८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय ८.१ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ७७ करोड पुगेको थियो। यस अवधिमा भ्रमण व्यय २.८ प्रतिशतले सङ्कुचन भई रु.२१ अर्ब ७० करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भ्रमण व्यय ३०.४ प्रतिशतले वृद्धि भई रु.२२ अर्ब ५० करोड पुगेको थियो।

४७. चालु आर्थिक वर्षको पहिलो महिनामा वैदेशिक अध्ययनमा गएका विद्यार्थीले रु.१४ अर्ब ३१ करोड बाहिर लगेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु.१४ अर्ब ९६ करोड रहेको थियो। चालु आर्थिक वर्षको पहिलो महिनामा शिक्षामा रु.२५ करोड ५३ लाख रकम भित्रिएको छ।

## बीमा क्षेत्र

४८. २०८२ साउनसम्म जारी भएको म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या २०८२ साउनमा ४९.०८ प्रतिशत पुगेको छ। २०८१ साउनमा यस्तो जनसङ्ख्या ४२.७ प्रतिशत रहेको थियो।

४९. चालु आर्थिक वर्षको साउनसम्म जारी भएको कुल सक्रिय जीवन बीमालेख सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.५ प्रतिशतले बढेर १ करोड ५८ लाख ८६ हजार ३ सय ६५ पुगेको छ। यस अवधिमा बैदेशिक बीमालेख र म्यादी तथा लघु म्यादी जीवन बीमालेख सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही उवधिमा यस्तो सङ्ख्या १ करोड ३७ लाख ७ हजार २ सय ५१ रहेको थियो।

५०. २०८२ साउनसम्म कुल निर्जीवन बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.० प्रतिशतले वृद्धि भई २ लाख ४३ हजार ७ सय ४१ पुगेको छ। २०८१ को सोही अवधिमा यस्तो सङ्ख्या २ लाख ४१ हजार ३ सय १४ रहेको थियो।


५१. आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा बीमा प्रिमियम बापत सङ्कलित रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.७ प्रतिशतले बढेर रु.२४ अर्ब ४१ करोड ७१ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्कलन २.३ प्रतिशतले घटेर रु.२२ अर्ब ८८ करोड ६६ लाख रहेको थियो।

५२. यस अवधिको सङ्कलित बीमा प्रिमियममध्ये जीवन बीमा र निर्जिवन बीमातर्फ सङ्कलित बीमा प्रिमियमको हिस्सा क्रमशः ८२.० प्रतिशत र १८.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको साउन महिनामा यस्तो हिस्सा क्रमशः ८१.२ प्रतिशत र १८.८ प्रतिशत रहेको थियो।

## पूँजी बजार

५३. २०८१ साउन मसान्तमा ३०००.८१ बिन्दु कायम रहेको नेप्से सूचकाङ्क २०८२ साउन मसान्तमा २७८८.३७ बिन्दु कायम भएको छ। वार्षिक विन्दुगत आधारमा, २०८२ साउनमा धितोपत्र बजार पूँजीकरण २.३ प्रतिशतले सङ्कुचन भई रु. ४६ खर्ब ५६ अर्ब २७ करोड पुगेको छ। २०८१ साउन मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४७ खर्ब ६५ अर्ब ९१ करोड रहेको थियो।


चार्ट (च): पछिल्लो ५ वर्षको साउन मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२

५४. २०८२ साउन महिनाको १ गते २८७०.६३ विन्दुमा रहेको नेप्से सूचकाङ्क क्रमशः बढ्दै साउन १३ गते महिनाकै अधिकतम ३००२.०७ बिन्दुमा पुगेकोमा त्यसपछिका दिनमा प्राय घट्दै महिनाको अन्तिम कारोवार भएको दिन साउन २९ गते २७८८.८६.८१ विन्दु पुगेको छ।

**चार्ट (छ): २०८२ साउन महिनाको नेप्से सूचकाङ्क (बिन्दु)**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२ ।